प्रस्तावः (मिति २०७६/११/०३, शनिबार, ७५ औं कार्यपालिका बैठक )

१. प्रदेश एक्स्पो सम्वन्धमा

२. चोक नामकरण घोडाको शालिक सम्वन्धमा

३. विपद व्यवस्थापन सम्वन्धमा

४. आर्थिक सहयोग सम्वन्धमा

५. स्तरवृद्धि / पद परिवर्तन सम्वन्धमा

६. पिच कटान सम्वन्धमा

७. कार्यविधि संशोधन सम्वन्धमा

८. महंगी भत्ता सम्वन्धमा

९. छाडा गाई व्यवस्थापन सम्वन्धमा

**निर्णय नं. १ः**

**१.१** २०७६ फागुन १० देखि १२ सम्म दाङ जिल्लाको बेलझुण्डीमा प्रदेश सरकारद्वारा आयोजना गरिने प्रदेश एक्स्पो कार्यक्रममा घोराही उपमहानगरपालिकाद्वारा विभिन्न कार्यक्रम संचालन गर्न तपशिल बमोजिमका समिति गठन गरी देहाय बमोजिम कार्यक्रम गर्ने ।

घोराही उपमहानगरपालिका अन्तर्गत ५० वटा स्टल राख्ने र स्टल व्यवस्थापनका लागि देहाय बमोजिम समिति गठन गर्ने ।

तपशिलः

१. स्टल व्यवस्थापन समिति

१.१ उप-प्रमुख, सिता सिग्देल न्यौपानेः संयोजक
१.२ आर्थिक विकास समिति, संयोजक, राममणि पाण्डेयः सदस्य
१.३ सामाजिक विकास समिति संयोजक, भरतमणि अर्याल : सदस्य
१.४ सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक,शक्तिराम डाँगीःसदस्य
१.५ सार्वजनिक सेवा तथा क्षमता विकास समिति संयोजक, खोपिराम चौधरी : सदस्य
१.६ विधायन समिति संयोजक, रमेश कुमार पाण्डेय : सदस्य
१.७ महिला बालबालिका कार्यक्रम संयोजक, पशुपति चौधरी : सदस्य
१.८ वडा अध्यक्ष वडा नं. ९ : सदस्य
१.९ वडा अध्यक्ष वडा नं. १० : सदस्य
१.१० वडा अध्यक्ष वडा नं. ११ : सदस्य
१.११ वडा अध्यक्ष वडा नं. १२ : सदस्य
१.१३ घोराही उपमहानगरपालिका ई.रामधन श्रेष्ठ : सदस्य
१.१४ घोराही उपमहानगरपालिका सूचना प्रविधि अधिकृत ई. विमल अग्रहरी : सदस्य
१.१५ घोराही उपमहानगरपालिका प्र.स. स्मृति भण्डारी : सदस्य
१.१६ पर्यटन तथा संस्कृति प्रवर्द्धन शाखा प्रमुख : सदस्य सचिब

घोराही उपमहानगरपालिकाबाट प्रस्तुत हुने नगरस्तरीय मयुर तथा बड्का नाँच तथा वडाबाट झाँकी जुलुश प्रस्तुत गर्न तपशिल बमोजिम व्यवस्थापन समिति गठन गर्ने

२. झाँकी प्रस्तुती व्यवस्थापन समिति :

२.१ पर्यटन तथा संस्कृति प्रवर्द्धन समिति संयोजक, रमेश कुमार पाण्डेय : संयोजक
२.२ नगरस्तरीय पर्यटन समिति सदस्य : सदस्य

३. सरसफाई व्यवस्थापन समिति :

३.१ सरसफाई वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक : संयोजक
३.२ वडा अध्यक्ष वडा नं. ४ : सदस्य
३.३ वडा अध्यक्ष वडा नं. ६ : सदस्य
३.४ वडा अध्यक्ष वडा नं. ९ : सदस्य

३.५ कार्यपालिका सदस्य धनबहादुर कुसुण्डा : सदस्य

३.६ सरसफाई शाखा प्रमुख : सदस्य सचिब

**१.२**: घोराही उपमहानगरपालिका नगरस्तरीय पर्यटन तथा संस्कृति प्रवर्द्धन समितिको बैठकबाट सांस्कृतिक संग्रहालय र पर्यटन सूचना केन्द्रको जग्गा खोजी गर्न गठित उपसमितिको प्रतिवेदन अनुसार उपलब्ध विकल्प मध्ये घोराही उपमहानगरपालिका वडा नं. १७ मा अवस्थित गुलरिया पार्कमा रहेको जग्गा सांस्कृतिक संग्राहलयका लागि सबै भन्दा उपयुक्त देखिएको हुँदा सो जग्गामा सांस्कृतिक संग्राहलय निर्माण गर्ने र पर्यटन सूचना केन्द्र घोराही उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको परिसरमा निर्माण गर्दा सूचना प्रवाह सहज हुने हुँदा परिसरमा पर्यटन सूचना केन्द्र निर्माण गर्ने ।

**निर्णय नं. २ :**

घोराही उपमहानगरपालिका वडा नं. १५ न्युरोडको दक्षिण तर्फ मुख्य सडक संग जोडिएको चोकलाई हालसम्म तुलसीपुर चोक भनिदै आएको र तुलसीपुर चोक नामाकरण घोराहीको स्थानीय परिवेश सान्दर्भिक नभएको तथा तुलसीपुर चोक नामाकरणकै कारण कतिपय यात्रु तथा आगन्तुक महानुभावहरुमा उपर्युक्त स्थानका बारेमा दुबिधा उत्पन्न हुने गरेको पाइएकोले सो चोकलाई घोराही चोक नामाकरण गर्ने र घोडाको प्रतिमा समेत राख्रे ।

**निर्णय नं. ३ :**

घोराही उपमहानगरपालिकाको सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समितिले मिति २०७६ साल फागुन २ गते शुक्रबार गरेको तपशिल बमोजिमको निर्णय अनुमोदन गर्ने ।

**३.१** घोराही उपमहानगरपालिका वडा नं. ५ को च.नं. ७७० मिति २०७६/१०/६ को सिफारिस पत्र एवं प्रहरी मुचुल्का समेतका आधारमा आगलागी प्रभावित श्री विश्वेश्वर कामीलाई र वडा नं. ४ को च.नं. १५८६ मिति २०७६/१०/१९ को सिफारिस पत्र तथा संलग्न प्रहरी मुचुल्का समेतको आधारमा आगलागी पिडित श्री पदमा वि.क.लाइ राहत स्वरूप प्रति पिडित बढीमा ५ (पाँच) बन्डल जस्तापाता घरको आकार अनुसार स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

**३.२** घोराही उपमहानगरपालिका वडा नं. १ को च.नं. ३१८ मिति २०७६/०८/०३ को सिफारिस पत्र एवं भर्पाइ तथा नगर प्रमुखज्युको तोक आदेश अनुसार विपद प्रभावित निज बल बहादुर विष्ट क्षेत्रीलाई घरको सामान स्थानान्तरण गर्न राहत स्वरूप रु. ११००० (अक्षरुपि एघार हजार मात्र) स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

**३.३** घोराही उपमहानगरपालिका वडा नं. ११ को च.नं. १३२२ मिति २०७६/११/०१ को सिफारिस पत्र एवं प्रहरी मुचुल्का समेतको आधारमा चटयाङमा परी मृत्यु भएको बालक तर बासुदेव पुरीको

परिवारलाई राहत स्वरूप रु. २५०००|०० ( अक्षरुपी पच्चीस हजार मात्र ) स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

**निर्णय नं. ४ :**

घोराही उपमहानगरपालिकामा घोराही उपमहानगरपालिकामा निम्न संस्थाबाट तपशिल बमोजिमका कार्यक्रमका लागि आर्थिक सहयोग माग भै आएको हुँदा देहाए अनुसार आर्थिक सहयोग निम्न शिर्षकबाट दिने ।

| **क्र.स** | **संस्थाको नाम** | **सहयोग रकम रु** | **भुक्तानी शिर्षक** | **कैफियत** |
|---|---|---|---|---|
| १. | जि.पी. कोइराला फाउन्डेसन, दाङ | ३००००|०० | अन्य संस्था सहायता | |

**निर्णय नं. ५ :**

घोराही उपमहानगरपालिकामा कार्यरत तपशिल बमोजिमका कर्मचारी विगत लामो समयदेखि एकै पदमा रही सेवा सुबिधा प्राप्त गरेको तर कार्य भने सो भन्दा माथिल्लो/फरक पदको गरीरहेकोले माथिल्लो पदमा स्तरवृद्धि तथा पद परिवर्तन गरी पाउँ भनी निवेदन प्राप्त भएको हुँदा हाल उहाँहरुले कार्य गरिरहनु भएको पदमा स्तरवृद्धि तथा पद परिवर्तन गर्ने ।

तपशिलः

| सि.नं. | कर्मचारीको नाम | हालको पद | हालको पदमा नियुक्ति मिति | स्तरवृद्धि / पद परिवर्तन | कैफियत |
|---|---|---|---|---|---|
| १. | जित बहादुर चौधरी | हलुका सवारी चालक द्वितीय | २०६९/०१/१० | हलुका सवारी चालक तृतीय | |
| २. | एकराज चौधरी | हेल्पर तृतीय | २०६५/०४/२४ | हलुका सवारी चालक प्रथम | |

**निर्णय नं. ६ः**

खानेपानी तथा ढल व्यवस्थापन विभाग, खानेपानी तथा ढल व्यवस्थापन आयोजनाको मिति २०७६/०८/२२ च.नं. १२२ को पत्रानुसार घोराही उपमहानगरपालिका अन्तर्गत संचालित भारतपुर सह-लगानी खानेपानी तथा सरसफाई आयोजनाको वितरण पाइप लाइन जडान गर्दा ठाउँ ठाउँमा पिच काट्नु पर्ने भएकोले अनुमति माग भई आएको हुँदा क्षति हुने सडक ल.ई. अनुसारको रकम घोराही उपमहानगरपालिकाको धरौटी खातामा जम्मा गर्न लगाई अनुमति दिने ।

**निर्णय नं.७ :**

घोराही उपमहानगरपालिकाबाट पारित भएको निजी जग्गाबाट ढुंगा, गिट्टी, माटो आदि उत्खनन गर्ने सम्वन्धी कार्यविधि २०७६ कार्यन्वयन गर्ने क्रममा १ रोपनी भन्दा बढी क्षेत्रफल भएको निजी जग्गा उत्खनन गर्दा IEE गर्नुपर्ने व्यवस्थाले कृषि कार्यका लागि जमिन सम्याउने काममा असर परेकोले कृषकका लागि जमिन सम्याउने, ग्रहा सुधार गर्ने, चक्लाबन्दि गर्ने कार्यमा उपर्युक्त व्यवस्था लागु नगर्ने ।

**निर्णय नं.८ :**

घोराही उपमहानगरपालिकामा कार्यरत प्रेस संयोजक  तथा कानुन सल्लाहकारहरुलाई २०७६ साल साउन १ गते देखि लागु हुने गरी महंगी भत्ता स्वरूप रु २००० दिने ।

**निर्णय नं. ९ :**

घोराही उपमहानगरपालिकामा रहेका छाडा गाईबस्तु व्यवस्थापन गर्ने सम्वन्धमा यसै उपमहानगरपालिकाको वडा नं. २ चाक्लीघाटमा व्यवस्थापन गर्ने निर्णय बमोजिम व्यवस्थापनका लागि जिम्दारतरा गौशाला व्यवस्थापन समिति गठन भएको र सोहि समितिले नै शुरुवात देखि गाईबस्तु व्यवस्थापन सम्वन्धी सम्पूर्ण कामकारवाही गरिरहेको हुँदा पूर्वाधार निर्माण लगायत अन्य काम कारवाही समेत सोहि समितिबाट गर्ने ।